

# १ सृष्टि

***<u>यस अध्यायका मूल पदहरू:</u>*** भजन १००:१-३, उत्पत्ति १-२, प्रस्थान २०:८-११, प्रस्थान ४०:३३, मत्ती २५:१४-३० र मत्ती १९:७-९।

***<u>यस अध्यायको मूल सार पद:</u>*** **"आदिमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो" (उत्पत्ति १:१)।**

उत्पत्तिको पुस्तक र सारा बाइबल परमेश्वरको सृष्टिको क्रियाकलापबाट सुरु हुन्छ। यो तथ्य धेरै महत्त्वपूर्ण छ, किनभने यसले मानव जीवनको इतिहास र बाइबलको इतिहासमा हाम्रो सृष्टिको छाप छ भनेर देखाउँछ। उत्पत्तिको पुस्तकमा लेखिएको सृष्टिको कथाको सत्यताले सारा मानव र बाइबलको इतिहासमा भएका घट्नाहरू पनि त्यही ऐतिहासिक सत्यताले बुनिएको छ भनेर स्पष्ट पार्दछ।

उत्पत्तिको पुस्तकमा सृष्टिको बारेमा दुई विवरणहरू दिइएका छन्। ती विवरण उत्पत्ति १ र २मा छ। परमेश्वर र मानवताका पाठहरू ती विवरणहरूमा समावेश भएको छ। जब हामी यस अध्याय अध्ययन गर्नेछौं, तब हप्ताको सातौं दिन साबथको अर्थ अझ गहिरिएर हेर्नेछौं। परमेश्वरकै स्वरूपमा मानव प्राणीको सृष्टि उहाँले गर्नु भएको हो भन्नुको अर्थ के हो, त्यो पनि धुलोमाटोबाट, सो हामी घोरेर हेर्नेछौं। असल र खराबको रूख र त्यससँग सम्बन्धित जीवनको रूखको लक्ष्य के हो सो अत्यन्तै उत्सुकता र कुतूहल तरिकाले हामी हेर्छौं।

बाइबलमा भएका कथाहरूमा अनुग्रहको सुरुवात उत्पत्तिबाट सुरु भएको हो भन्ने उल्लेखनीय पाठ हामी सिक्नेछौं। हामी यस संसारमा हुनुको कारण नै परमेश्वरकै अनुग्रहको क्रियाकलापले हो। र हामी उहाँका बरदान

हौं। मानव प्राणीको उपस्थित हुनुभन्दा पहिले परमेश्वरले आकाश वा आकाशगङ्गा वा नक्षेत्रहरू र पृथ्वी सृष्टि गर्नुभएको थियो। सृष्टिको त्यो अवधारणा साथै मुक्तिको अवधारणा पनि हप्ताको सातौं दिन साबथभित्र सम्मिलित छ र यो पनि परमेश्वरको बरदान हो भन्ने पारङ्गत वा गहिरो सत्यले हामीलाई अचम्भित त तुल्याउँछ नै।

## १. सृष्टिको परमेश्वर

**परमेश्वरले पृथ्वी र हामी मानव प्राणीलाई सृष्टि गर्नुभयो। तर, त्यसको प्रत्युत्तर हामी कसरी दिन्छौं? हाम्रो जवाफदेहिता के छ र किन? हेर्नुहोस्, भजन १००:१-३ "१ हे सारा पृथ्वीका मानिस हो, परमप्रभुको जयजयकार मनाओ। २ आनन्दसाथ परमप्रभुको आराधना गर, हर्षका गीत गाउँदै उहाँको सामुन्ने आओ। ३ परमप्रभु नै परमेश्वर हुनुहुन्छ भनी जान। उहाँले नै हामीलाई बनाउनुभयो, र हामी उहाँकै हौं, हामी उहाँका प्रजा र उहाँको खर्कका भेड़ाहरू हौं।"**

उत्पत्ति १मा सृष्टि विवरणमा उल्लेख गरिएको पहिलो सन्देश नै "परमेश्वर" हो। "आदिमा वा सुरुमा परमेश्वर" (उत्पत्ति १:१) भन्ने वाक्य अनुवाद गरिएको हामीले पढ्छौं। पहिलो हरफमै (उत्पत्ति १:१)मा "परमेश्वर" भन्ने शब्द पदको मध्यभागमा लेखिएको छ। परमेश्वरको महत्त्वलाई जोर दिन हिब्रू परम्परागत आराधनामा "परमेश्वर" भन्ने शव्दलाई विशेष जोड दिएर उच्चारण गरिन्छ। तसर्थ, सृष्टिको पद परमेश्वरलाई नै जोर वा प्रमुखता दिएर सुरु गरिएको छ। त्यही परमेश्वर जो सृष्टिको लेखक वा सृजनहार हुनुहुन्छ।

वास्तवमा भन्ने हो भने उत्पत्तिको पुस्तकले परमेश्वरको बारेमा दुई फरक तरिकाले प्रस्तुत गरिएको छ। पहिलेतः, सृष्टिको विवरण (उत्पत्ति १:१-२:४) जसले परमेश्वरलाई मानव प्राणीभन्दा अनन्तको अपार भनेर देखाउँछ। मानिस, जतिसुकै आफू स्वामी, भगवान, जगतगुरु जस्ता उपाधीहरूको बिल्ला लगाएतापनि उत्पत्तिको पुस्तकले परमेश्वर अपारको हुनुहुन्छ भनेर जिकिर गर्दछ। उहाँ इलोहिम Elohim हुनुहुन्छ अर्थात् उहाँको सर्वोच्चता, प्रभुत्व र उहाँमा भएको परममाधिकार यस संसारमा जन्मिएको कुनै पनि मानिसभन्दा अपार छ। इलोहिम Elohim भन्ने शब्द सर्वोत्कृष्ट, विशिष्ट, सर्वश्रेष्ठ, सर्वोत्तम र बलवान हुनुहुन्छ भन्ने अर्थ लाग्दछ। यो इलोहिम भन्ने भन्ने अवधारणाले

उहाँको राजकीय, तेजस्वी र प्रतापी ओहोदालाई जनाउँछ र उहाँ सबैभन्दा अपार स्थानमा बिराजमान हुनुहुन्छ। कुनै पनि व्यक्ति विशेष उहाँकहाँ जान सक्दैन।

सृष्टिको दोस्रो विवरणमा परमेश्वरको बारेमा फरक ढँगले प्रस्तुत गरिएको छ (उत्पत्ति २:४-२५)। सर्वव्यापी र अन्तर्यामी यह्वे YHWH व्यक्तिगत र एकदम नजिक भएको भनेर यसमा प्रस्तुत गरिएको छ। मानव जीवनमा उहाँ कतिको घनिष्ठ हुनुहुन्छ र मानिससँग उहाँको सम्बन्ध कस्तो छ भनेर त्यस यह्वे भनेर सम्बोधन गरिएको परमेश्वरको बारेमा बताउँदछ। समग्ररूपमा भन्ने हो भने सृष्टिको विवरणमा सृष्टिकर्ता परमेश्वरको आराधना गर्न आह्वान गरिएको पाइन्छ; उहाँ तेजस्वीमय, महान् विशाल सर्वशक्तिमान र सर्वव्यापी सनातन परमेश्वर हुनुहुन्छ, जसमाथि हामी भर पर्दछौं किनभने उहाँले नै हामीलाई सृष्टि गर्नुभएको हो, "हामी आफैले आफैलाई सृष्टि गरिएका होइनौं" (भजन १००:३)। त्यसैकारण, भजनसंग्रहका धेरै भजनहरू र बाइबलका अरू पुस्तकहरूमा सृष्टिसँग जोडेर आराधना गरिएको हामी पाउँछौं (भजन ९५:१-६, भजन १३९:१३,१४, प्रकाश १४:७)।

परमेश्वर सर्वशक्तिमान र सारा सृष्टिका महाराजा भएर पनि हामीसँग नजिक भएर वढो मायालु तरिकाले सम्बन्ध राख्न चाहनुहुन्छ। यसलाई चिन्तन गर्दा परमेश्वरकहाँ पुग्न कस्तो आराधना गर्नुपर्छ भन्ने विषय महत्त्वपूर्ण छ भनेर हामीले सोच्नु जरुरी छ। उहाँकहाँ भय, श्रद्धा र आदर गरेर आउनुपर्छ, साथै उहाँ हाम्रो निकट हुनुहुन्छ, उहाँले हामीलाई क्षमा दिनुहुन्छ, र प्रेम गर्नुहुन्छ (भजन २:११) भन्ने कुरामा ढुक्क भएर उहाँकहाँ खुशी र आनन्दभएर आउनुपर्दछ। परमेश्वरको बारेमा जुन दुई फरक ढँग तर श्रृङ्खलावद्धरूपमा प्रस्तुत गरिएको त्यो अत्यन्तै अर्थपूर्ण छः परमेश्वर अपार स्थानमा हुनुहुन्छ तैपनि उहाँको उपस्थिति हाम्रो नजिक छ। परमेश्वर र हाम्रो बीचमा जुनसुकै दुरी भएतापनि उहाँसँगको बारेमा सोच्दा उहाँ हाम्रो माझमा सधैं हुनुहुन्छ भन्ने सोचमा सधैं सजग भइरहनुपर्दछ। परमेश्वर कस्तो महान् हुनुहुन्छ, त्यो हामीले महसुस गर्न सकेपछिमात्र उहाँको अनुग्रहलाई हामी सराहना गर्न सक्छौं र त्यसलाई हामीले उपभोग गर्न पनि सक्छौं भन्ने कुरामा हामी निश्चित हुन्छौं। हाम्रो जीवनमा उहाँको अचम्म र प्रेमिलो उपस्थितिलाई स्वीकार गर्दै उहाँकहाँ हामी श्रद्धाले थर थर काँप्दै आउनु जरुरी भएको सोच्नुपर्दछ।

परमेश्वरको विशाल शक्तिको बारेमा सोच्नु पर्दछ, उहाँले सारा जगतलाई थाम्नुहुन्छ, र तैपनि हामी प्रत्येकसँग अत्यन्तै नजिक हुनुहुन्छ। यो अचम्मको सत्य किन चकित पार्ने खालको छ?

## २. सृष्टि

जब परमेश्वरले संसार सृष्टि गर्नुभयो, तब उहाँले बारम्बार "यो असल थियो" भन्नुभएको थियो। अनि आखिरमा आएर "साऱ्है राम्रो" पनि भन्नुभएको थियो। अनि सृष्टिको निश्कर्षमा आएर उहाँले के गर्नुभयो जसले गर्दा उहाँले उच्चारण गर्नुभएको "असल र साऱ्है राम्रो" भनेर खुशी हुनुभएको थियो? हेर्नुहोस्, देहायका पदहरू, उत्पति १ र २का देहायका पदहरू "४ अनि परमेश्वरले उज्यालोलाई हेर्नुभयो, त्यो असल थियो..१० परमेश्वरले ओबानो भूमिलाई "पृथ्वी" भन्नुभयो, र जम्मा भएको पानीलाई "समुद्र" भन्नुभयो। अनि परमेश्वरले हेर्नुभयो, त्यो असल थियो।...१२ भूमिले वनस्पति, बीउ हुने बोटहरू र आफ्नो-आफ्नो किसिमको बीउ हुने फल फल्ने वृक्षहरू उमाऱ्यो। अनि परमेश्वरले हेर्नुभयो, त्यो असल थियो।...१८ दिन र रातमाथि प्रभुत्व गर्न अनि उज्यालो र अँध्यारोलाई अलग-अलग गर्नलाई ती आकाशमा राख्नुभयो। र परमेश्वरले हेर्नुभयो, त्यो असल थियो।...२१ यसैले समुद्रका विशाल जलजन्तुहरू, पानीहरूमा भरिएका चलहल गर्ने किसिम-किसिमका सबै जीवित प्राणीहरू र जात-जातका पखेटा भएका सबै पन्क्षीहरू परमेश्वरले सृष्टि गर्नुभयो। र परमेश्वरले हेर्नुभयो, त्यो असल थियो।...२५ परमेश्वरले पृथ्वीका जात-जातका वन-पशुहरू, जात-जातका पालिने पशुहरू र जमिनमा घस्रने जात-जातका जन्तुहरू बनाउनुभयो। र परमेश्वरले हेर्नुभयो, त्यो असल थियो।...३१ आफूले बनाउनुभएको हरेक कुरा परमेश्वरले हेर्नुभयो। र त्यो साह्रै राम्रो थियो। साँझ पऱ्यो र बिहान भयो– छैटौं दिन।" र उत्पत्ति २:१-३ "१ यसरी आकाश र पृथ्वी र तिनमा भएका सबै कुरा बनाइसिद्धिए। २ आफूले गर्नुभएका काम छैटौं दिनमा परमेश्वरले सिद्ध्याउनुभयो। र सातौं दिनमा आफूले गर्नुभएका सबै कामबाट उहाँले विश्राम लिनुभयो। ३ अनि परमेश्वरले सातौं दिनलाई आशिष् दिनुभयो र त्यसलाई पवित्र तुल्याउनुभयो, किनभने आफूले सृष्टिमा गर्नुभएका सारा कामबाट यसै दिनमा उहाँले विश्राम लिनुभयो।"

जब परमेश्वरले प्रत्येक चरणमा आफ्नो काम सिध्याउनुभयो तब त्यसलाई मूल्याङ्कन गरेर आफ्नो कामलाई "असल" **tov** टोभ भन्नुभयो। यस

**विशेषणको अर्थ प्रायजसो** उहाँले गर्नुभएको काम सफल भएको देखाएको थियो भन्ने बुझिएको छ। जब आफ्नो कामलाई हेरेर "असल" भन्नुभएको थियो तब उहाँको काम सफल भएको भन्ने अर्थ लाग्छ। ज्योति चकमक भएर चम्केको थियो (उत्पत्ति १:४), बोटबिरुवाहरूले फलहरू फलाएका थिए (उत्पत्ति १:१२) र आदि।

तर, यो असल भन्ने शब्द केवल परमेश्वरले गर्नभएको कार्यक्षमताको मात्र बुझाउँदैन। हिब्रू भाषाको tov टोभलाई बाइबलमा कुनै सुन्दर वस्तुको (उत्पत्ति २४:१६) सौन्दर्यतालाई सराहनालाई व्याख्या गर्न पनि यो "असल" भन्ने शब्द प्रयोग गरिएको छ। दुष्ट वा खराब (उत्पत्ति २:९)को विपरितलाई व्याख्या गर्न पनि यो शब्द प्रयोग गरिन्छ। खराबसँग मृत्यु पनि गाँसिएको हुन्छ (उत्पत्ति २:१७)। "असल थियो" भन्ने वाक्यांशको अर्थले सृष्टिको काम राम्रोसँग सुचारुरूपले चलिरहेको भनेर बुझाउँछ। यो असल र सिद्ध वा खोटरहित थियो र त्यसमा कुनै खराब तत्व थिएन। त्यसबेलाको पृथ्वी अहिलेको जस्तो भएको थिएन। अहिलेको संसार पाप, अधर्म, महामारी, मृत्यु, आतङ्क आदिले भरिएको छ, यो तथ्यलाई सृष्टिको दोश्रो विवरणले स्पष्ट पार्दछ।

बाइबलमा उल्लेख गरिएको सृष्टिको विवरण मौलिकरूपमै विकासवाद सिद्धान्तसँग बाझिन्छ। यस सिद्धान्तले बताउँछ कि यस संसार वा त्यसमा भएको जीवहरू शुक्ष्म थोकबाट क्रमिक रूपमा प्रगतिहुन्दै वा तल्लो अवस्थाबाट अचानक घुम्दै वा प्रगति हुन्दै श्रेष्ठ वा धेरै असलतिर लम्केको छ।

तर, त्यसको बिपरित परमेश्वरले जानाजानी र अचानक तरिकाले सृष्टि गर्नुभएको थियो भनेर बाइबलको लेखकले जिकिर गर्दछ (उत्पत्ति १:१)। तर, कुनै भौतिकतरिकाबाट आफै संयोगले वा अप्रत्याशितरूपमा चल्दै, विकसित हुन्दै अहिलेको अवस्थामा **आएको** हो भन्ने वैज्ञानिक भन्नेहरूको धारणालाई बाइबलको विद्यार्थीले अनुमोदन गर्दैन। संसार आफ्नै इच्छाले अचानक आएको होइन तर परमेश्वरको चाहना र उहाँको बोलिले सृष्टि भएको हो (उत्पत्ति १:३)। जुन क्रिया पद bara बारा वा "सृष्टि गर्नुभयो" भनेर उत्पत्ति १को मुताविक सुरुमा आकाश र पृथ्वी सृष्टि गर्नु भयो भन्ने प्रयोग गरिएको छ यसमा परमेश्वरमात्र क्रियशील भएको देखाउँछ। उहाँले नै बोल्नुभयो र उहाँले सोच्नु भएको अनुसार सृष्टि हुन आयो।

सृष्टिको विवरणले हामीलाई यो बताउँदछ कि पृथ्वीमा भएका सबै थोक वा प्रत्येक थोक जुन सृष्टि गर्नुपर्ने थियो त्यो परमेश्वरकै चाहना अनुसार सृष्टि भयो (उत्पत्ति १:३१) र त्यसलाई सर्वेक्षण गरेर मूल्याङ्कन गर्दा "धेरै असल" भनेर उच्चारण गर्नुभएको थियो (उत्पत्ति १:३१)। उत्पत्ति १:१मा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नभयो भनेर सृष्टिको विवरण सुरु गर्दछ भने उत्पत्ति २:१मा त्यो पूरा वा सम्पन्न भयो भनेर बताउँछ। सारा थोक सृष्टि गर्नुभएपछि सातौं दिनको साबथसमेत सृष्टि गर्नुभएर आफूले गर्नु पर्ने सृष्टिको काम परमेश्वरले समाप्त गर्नुभएको थियो।

**तर वैज्ञानिक वा विकासवाद सिद्धान्तका गुरुहरूले यस संसार खरबौं वर्ष लगाएर अस्तित्वमा आएको हो भनेर मानिसहरूलाई सिकाइरहेकाछन्। यदि कसैले परमेश्वर, येशू र बाइबललाई विश्वास गर्छ भने जुनसुकै मै हुँ भन्ने वैज्ञानिक वा शिक्षकहरूले सिकाएको त्यस विकासवाद सिद्धान्तलाई सरासर अश्वीकार गर्दछ। प्रत्येक पक्षबाट हेर्दा बाइबलको सृष्टिको विवरण र वैज्ञानिक भनाउँदाहरूले आविष्कार गरेको विकासवाद सिद्धान्त अत्यन्तै मेल खान्दै भनेर किन देखाउँछ?**

## ३. साबथ

**हप्ताको सातौं दिनै साबथ भनेर सृष्टिसँग किन गाँसिएको छ? सृष्टिसँग साबथ जोरिएकोले हामीले साबथलाई कसरी मान्छौं भन्ने कुरालाई कसरी असर पार्दछ?** हेर्नुहोस्, उत्पत्ति २:२,३ "२ आफूले गर्नुभएका काम छैटौं दिनमा परमेश्वरले सिद्ध्याउनुभयो। र सातौं दिनमा आफूले गर्नुभएका सबै कामबाट उहाँले विश्राम लिनुभयो। ३ अनि परमेश्वरले सातौं दिनलाई आशिष् दिनुभयो र त्यसलाई पवित्र तुल्याउनुभयो, किनभने आफूले सृष्टिमा गर्नुभएका सारा कामबाट यसै दिनमा उहाँले विश्राम लिनुभयो।" र प्रस्थान २०:८-११ "८ "शबाथ-दिन पवित्र मान्नुपर्छ भनी याद राख्नू। ९ छ दिनसम्म परिश्रम गरेर आफ्ना सबै काम गर्नू, १० तर सातौंचाहिँ दिन परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति शबाथ-दिन हो। त्यसमा तिमीहरूले केही काम नगर्नू, न त आफ्नो छोराले, न छोरीले, न कमारा-कमारीले, न गाईबस्तुले, न मूल ढोकाभित्र भएको परदेशीले केही काम गरोस्। ११ किनकि छ दिनमा परमप्रभुले आकाश, पृथ्वी, समुद्र र तिनमा भएका सबै थोक बनाउनुभयो, तर सातौं दिनमा चाहिँ विश्राम गर्नुभयो। *त्यसकारण परमप्रभुले शबाथदिनलाई आशिष् दिनुभयो,* र *त्यसलाई पवित्र*

***गर्नुभयो।*** " खास गरेर परमेश्वरले आफ्नो सृष्टिको काम सिध्याउनुभएकोले नै उहाँले साबथ स्थापना गर्नुभएको थियो। त्यसकारण, सातौं दिन साबथको पालनाले यो देखाउँछ कि परमेश्वरले उहाँले गर्नुभएको काम सिध्याउनुभएको छ भन्ने सत्यमा हामी विश्वास गर्दछौ। साबथलाई पालना गर्नुभनेको हाम्रो त्यस विश्वासलाई व्यक्त गरेको देखाउँछौं। त्यो पनि, उहाँको सम्पूर्ण काम "धेरै असल" थियो भनेर उहाँले उच्चारण गर्नुभएको वचनलाई स्वीकार्दछौं भनेर साबथ पालनाले हामी देखाइरहेका हुन्छौं। साबथ पालन गर्नुको अर्थ नै उहाँको सृष्टिको सौन्दर्यता, मूल्यमान्यता र सिद्धतालाई कदर गर्छौं भनेर उहाँसँग मिलेर आराधना गरेर देखाउनु हो।

जसरी परमेश्वरले आफ्नो कामबाट विश्राम लिनुभयो त्यसरी नै हामी पनि हाम्रा कामहरूबाट विश्राम वा आराम लिन सक्छौं। परमेश्वरले उच्चारण गर्नुभएको "धेरै असल" छ भन्नुभएको कुरालाई हामी पनि सहमत छौं भनेर साबथको पालनाले देखाउँदछ। जब सृष्टिमा परमेश्वरले "धेरै असल" भनेर आफ्नो सृष्टिलाई हेरेर भन्नुभएको थियो त्यसमा हाम्रा भौतिक शरीरहरू पनि समावेश भएको स्वीकार्नुपर्दछ। कतिपय पौराणिक वा आधुनिक धार्मिक वा सैद्धान्तिक शिक्षाहरूमा शरीर खराब छ, यसलाई पोषाउनु हुन्न वा प्यार गर्नुहुन्न भनेर मानव शरीरको प्रतिष्ठालाई अपमान वा बदनाम गर्ने शिक्षाहरू व्याप्त छन्। तर, पुरानो करारमा होस् वा नयाँ करारमा होस्, बाइबलले यसतो धारणालाई स्वीकार गर्दैन। यो बाइबलभन्दा बाहिरका धर्महरूको विश्वास हो। शरीरलाई हेप्ने, दुःखदिने, धर्मको नाउँमा सताउने वा सास्ती दिने, यसको संवर्धन वा सुरक्षा नदिने, हेरबिचार नगर्ने, पोषण नगर्ने जस्ता प्रवृत्तिहरूलाई बाइबलले सरासर असहमति जनाउँछ। ती प्रवृत्तिहरू अरू धर्महरूमा भएतापनि बाइबलीय शिक्षाको विपरित छ। बरु, साबथ पालना गर्नेहरूले परमेश्वरको सृष्टिप्रति आभारित भएको देखाउँछ। त्यसमा हाम्रो भौतिक शरीर पनि समावेश भएको छ। हामी स्वस्थ रह्यौं भने हामी परमेश्वरको सृष्टिको आनन्दसाथ वा रमाइलो मानेर उपभोग गर्न सक्छौं साथै त्यसलाई सँभार वा हेरचाह पनि गर्न रुचाउँछौं।

साबथ मानव सृष्टिको इतिहासको पहिलो "अन्त" हो भनेर चिनारी दिएको छ, तर त्यसको साथै यस संसारमा भइरहेको पीडा, शोक, चिन्ता, महामारी, दुःखकष्ट, खराब तत्वहरूको अन्त्य हुनेछ भनेर पनि आशा दिलाउँछ।

"काम सकियो वा सम्पन्न भयो" भन्ने वाक्य पवित्रस्थानको निर्माणपछि फेरि देखा पर्नु रोचक मान्नुपर्दछ (प्रस्थान ४०:३३), फेरि राजा सोलोमनले मन्दिर बनाइसकेपछि पनि त्यही व्याक्य दोहोरिएको छ (१ राजा ७:४०-५१)। दुवैमा सुसमाचार र मुक्तिको बारेमा पाठ सिकाइएको थियो।

हप्ताको अन्तमा आउने साबथले मानिसको पतनबाट उद्धार गर्ने मुक्तिको आश्चर्यजनक योजनालाई पनि औंल्याउँछ। तर, त्यो योजना त्यसबेला सम्पन्न हुन्छ जब नयाँ सृष्टको अचम्मको काम हुनेछ (यशैया ६५:१७, प्रकाश २१:१)। यस संसारमा रहँदा हाम्रो मानवीय हप्तामा हुने दुःखकष्ट, परिक्षा, महामारी, रोगव्याधीको अन्त्य एक दिन हुनेछ भनेर साबथकै सन्देशले हामीलाई आशा दिन्छ।

त्यसैकारण, येशूले मानिसलाई निको पार्ने उचित समय प्रायजसो साबथलाई नै छान्नुभएको थियो (लूका १३:१३-१६)। साबथको बारेमा, यहूदी धर्मको परम्परा, चालचलनमा जतिसुकै ढिपी गरेर अड्किएतापनि साबथमै येशूले गर्नुभएको निको पार्ने कामले त्यसबेलाका यहूदीहरूलाई र हामीलाई पनि त्यो समयलाई उहाँले औंल्याउँनुभएको थियो जब सबै दुःखकष्ट, पीडा, रोगव्याधी, महामारी र मृत्युकोको अन्त्य हुनेछ। यो अन्त्य नै मुक्तिको प्रक्रियाको अन्तिम टुङ्गो हो। त्यसकारण, हामीले यो जिकिर गर्दछौं कि मुक्तिको योजनालाई हामी सबैलाई प्रत्येक साबथले औंल्याउँदछ।

**साबथमा विश्राम लिएर येशूमा हामीले पाइने विश्राम र मुक्तिको अनुभव कसरी अहिले नै पाइरहेकाछौं र नयाँ स्वर्ग र नयाँ पृथ्वीको सृष्टिमा पाउनेछौं भन्ने सत्यतालाई के हामीले अनुभव गरिरहेकाछौं त?**

## ४. मानव जगतको सृष्टि

खास गरेर उत्पत्तिको पुस्तकमा लेखिएको विवरण अनुसार मानव जातिको सृष्टि परमेश्वरले गर्नुभएको सबै सृष्टिको अन्तिम सृष्टि थियो। पृथ्वीमा भएको सबै सृष्टिको चरम बिन्दु नै मानव प्राणी थियो। उसैको निम्ति पृथ्वी सृष्टि भएको थियो।

**उत्पत्ति १:२६-२९ र उत्पत्ति २:७मा मानव सृष्टिको बारेमा केही हदमा दुई फरक विवरणहरू प्रस्तुत गरिएको छ। तर, ती दुई विवरणको बीचमा के सम्बन्ध छ? हेर्नुहोस्ः "२६ फेरि परमेश्वरले भन्नुभयो, "मानिसलाई आफ्नै स्वरूपमा, हाम्रै प्रतिरूपमा बनाऔं। तिनीहरूले समुद्रका माछाहरू,**

**आकाशका पन्क्षीहरू, पालिने पशुहरू र जमिनमा चलहल गर्ने सबै जन्तुहरूमाथि अधिकार गरून्।" २७ यसैकारण परमेश्वरले मानिसलाई आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो। परमेश्वरकै प्रतिरूपमा उहाँले तिनलाई सृष्टि गर्नुभयो। नर र नारी नै गरी उहाँले तिनीहरूलाई सृष्टि गर्नुभयो। २८ परमेश्वरले तिनीहरूलाई आशिष् दिनुभयो, र तिनीहरूलाई भन्नुभयो, "फल्दै-फुल्दै, वृद्धि हुँदै, पृथ्वीमा भरिँदै र त्यसलाई आफ्नो वशमा पार्दैजाओ। समुद्रका माछाहरू, आकाशका पन्क्षीहरू तथा पृथ्वीका सबै जीवित प्राणीहरूमाथि अधिकार गर।" २९ तब परमेश्वरले भन्नुभयो, "हेर, म तिमीहरूलाई पृथ्वीका सबै बीउ उमार्ने बोटहरू र फलमा नै बीउ हुने सबै फलका रूखहरू दिन्छु। ती तिमीहरूलाई आहाराको निम्ति हुनेछन्" (उत्पत्ति १:२६-२९) र उत्पत्ति २:७ "तब परमप्रभु परमेश्वरले भूमिको माटोबाट मानिस बनाउनुभयो, र तिनको नाकमा जीवनको सास फुकिदिनुभयो, र मानिस जीवित प्राणी भए" (उत्पत्ति २:७)।**

बाइबलमा धेरै सुरो, चुनौतिपूर्ण, चकित पार्ने र आश्चर्यजनक कथनहरू छन्। तिनीहरूमा मानिस परमेश्वरको स्वरूप, प्रतिरूपमा तथा उहाँलाई प्रतिबिम्बित गरेर सृष्टि गरिएको प्राणी पनि एक हो। संसारमा कुनै पनि जीवहरू छैन जुन परमेश्वरको प्रतिरूपमा सृष्टि गरिएको छ। परमेश्वरले आआफ्नै जात अनुसार पशु आदि जन्तुहरू सृष्टि गर्नुभयो (उत्पत्ति १:२७), त्यो जमिनकै माटोबाट (उत्पत्ति २:१९) र मानिस पनि जमिनकै माटोबाट (उत्पत्ति २:७), तर मानिसमात्र परमेश्वरको आफ्नै प्रतिरूप वा स्वरूपमा सृष्टि गरिएको थियो (उत्पत्ति १:२७)। यस परमेश्वरको स्वरूप वा प्रतिरूप भन्ने धारणालाई विभिन्न मानिसहरूले विभिन्न दृष्टिकोणहरूले बुझ्दछन्। कसैले यो केवल आत्मिक वा भौतिक विहिन रूपमामात्र सृष्टि गरिएको हो भन्छन्। उसको चरित्र केवल आध्यात्मिक वा आत्मिक गुणमामात्र सिमित छ, परमेश्वरको प्रतिनिधित्व गर्न र उसलाई परिचालन गर्न आत्मिकरूप हो वा परमेश्वर र मानिहरूमा एक आपसमा आत्मिक वा आत्मियता सम्बन्ध राख्ने गरि सृष्टि गरिएको हो।

त्यो धारणा उचितै भएतापनि, यसले सृष्टिमा मानिसको भौतिक अस्तित्वको वास्तविकताको महत्त्वपूर्ण पक्षलाई समावेश हुन नचाहेको देखाउँछ। जब "उहाँको स्वरूप", "उहाँको प्रतिरूप" वा "उहाँ जस्तै गरेर" (उत्पत्ति १:२६) मानिस सृष्टि गरिएको हो भनेर उल्लेख गर्दछ, तब त्यस धारणामा मानिसको आत्मिक र भौतिक आयाम वा पक्षहरू पनि समावेश हुनु

जरुरी छ। हिब्रू भाषाको ट्स्लेम tselem भन्ने शब्दको अर्थ "ठेट नमुना वा प्रतिरूप" भन्नुको अर्थ ठोस भौतिक आकार भनेर बताउँछ भने डिमट demut वा "उहाँ जस्तै वा उहाँको स्वरूप" भन्दा मानिसमा ती अदृश्य गुण वा स्वभावहरू छन् जुन परमेश्वरसँग मिल्दोजुल्दो छ। त्यसकारण, जब हिब्रू भाषामा "परमेश्वरको स्वरूप, प्रतिरूप वा उहाँ जस्तै" भनेर मानिसको बारेमा सम्बोधन गर्छ तब बाइबलले हेर्ने मानव प्राणीको स्वभावमा सम्पूर्ण आयाम वा शारीरिक वा भौतिक, मानसिक र आत्मिक तत्वहरू एक आफसमा गाँसिएको हुन्छ भनेर बुझ्नुपर्दछ। प्रत्येक मानव प्राणी अर्थात् नर र नारी परमेश्वरको भौतिक र आत्मिक स्वरूपमा सृष्टि भएको हो भनेर बाइबलको पदले प्रतिवद्धता जनाउँदछ। यसबारे एलेन जी ह्वाइटको धारणा यस प्रकारको छः "जब परमेश्वरको हातबाट आदमलाई सृष्टि गरिएको थियो, तब उनको सृष्टिकर्ताको जस्तै शारीरिक वा भौतिक, मानसिक र आत्मिक गुण वा स्वभावहरूले सम्पन्न पारिएर उनलाई सृष्टि गरिएको थियो।"-*एजुकेशन,* पृ. १५बाट रूपान्तरित।

परमेश्वरको स्वरूपभन्दा भौतिक शरीरसमेत गरेर उहाँको बहुआयामिक वा मानसिक र आत्मिक गुण वा स्वभावहरू मानिसमा छन् भन्ने तथ्य मानव सृष्टिको दोस्रो विवरणमा दिइएको छ। उत्पत्ति २:७मा उल्लेख गरिएको छ, "तब परमप्रभु परमेश्वरले भूमिको माटोबाट मानिस बनाउनुभयो, र तिनको नाकमा जीवनको सास फुकिदिनुभयो, र मानिस जीवित प्राणी भए।" अर्थात, "मानिस जीवित प्राणी भए।" त्यसको अक्षरस अर्थ हो मानिस "जीवित प्राणी वा आत्मा" (nefesh निफेश अर्थात् भौतिक र आत्मिक प्राणी) हो। मानिसको यो स्थिति हुनुको कारण परमेश्वरले उनलाई दुई ईश्वरीय गुण वा कार्यहरू मिलाएर सृष्टि गरिएको थियो। परमेश्वरले "बनाउनुभयो वा आकार दिनुभयो" र परमेश्वरले "सास फुकिदिनुभयो।" "सास" भन्दा मानिसको आत्मिक आयाम वा पक्षलाई सम्बोधन गर्छ भने यसमा सास फेर्न सक्ने प्राकृतिक वा जैविक क्षमता भएको प्राणी हो भनेर बुझाउँछ। जमिनको माटोबाट निश्चित भौतिक आकार वा रूप बनाएर परमेश्वरले मानिसलाई सृजना गर्नुभएको थियो। परमेश्वरले उनमा जीवनको सास फुकिदिनुभएको थियो। त्यो सास हो जीवित पार्ने आत्मिक तत्व। परमेश्वरले मानिसको शरीरमा त्यो फुकि दिनुभएकोले उनमा भौतिक जीवन वा जिउने उर्जा मिलेको थियो।

पछि परमेश्वरले शल्यक्रिया गरेर मानिसको शरीरबाट स्त्री सृजना गर्नुभएको थियो (उत्पत्ति २:२१,२२)। स्त्री पनि पुरुषकै स्वभावमा सृष्टि गरिएको हो भनेर यस विवरणले जोर गर्दछ।(पुरुषभित्र स्त्री भएको देख्ने गुण केवल परमेश्वरमामात्र खुबी भएको यसले देखाउँदछ। पुरुष र स्त्रीको बीचमा भेद छैन भन्ने हामीले बुझ्नुपर्छ। लैङ्गिक असमानता परमेश्वरको यस कार्यवाट ठाडै अस्वीकार गर्दछ-अनुवादक)।

## ५. मानिसको काम र कर्तव्य

जब परमेश्वरले प्रथम मानव, आदमलाई सृष्टि गर्नुभयो, तब उहाँले उनलाई तीनवटा उपहारहरू दिनुभयोः अदनको बगैंचा (उत्पत्ति २:८), खाना (उत्पत्ति २:१६), र स्त्री (उत्पत्ति २:२२)।

**उत्पत्ति २:१५-१७ पढ्नुहोस् र देहायका प्रश्नहरूमा ध्यान गलाउनुहोस्ः परमेश्वरले यस पृथ्वी मानिस आदमलाई सुम्पनुभएको थियो। यसलाई सँभार गर्न उनको जिम्मेवारी के थियो? परमेश्वरप्रति उनको जवाफदेहिता वा कर्तव्य के थियो? मानिसलाई सुम्पेका ती दुवै कर्तव्य वा जिम्मेवारीहरू एक आपससँग कस्तो सम्बन्ध छ? हेर्नुहोस् "परमप्रभु परमेश्वरले मानिसलाई लगेर अदनको बगैंचामा त्यसको गोड़गाड़ र हेरचाह गर्न राख्नुभयो। अनि उहाँले मानिसलाई यो आज्ञा दिनुभयो, "बगैंचाका सबै रूखका फल तिमीले सङ्कोच नमानी खाए हुन्छ, तर असल र खराबको ज्ञान दिने रूखको फलचाहिँ नखानू, किनभने जुन दिन तिमीले त्यो खान्छौ तिमी निश्चय नै मर्नेछौ।"**

प्राकृतिक वातावरणलाई संरक्षण गर्नु नै मानिसको पहिलो कर्तव्य हो। यस पृथ्वीलाई परमेश्वरले मानिसलाई जिम्मा लगाइदिनुभएको छ। उहाँले भन्नु भयो, "हेरचाह र गोडगाड अर्थात् रेखदेख वा देखभाल गर्नु" (उत्पत्ति २:१५ रूपान्तरित)। यो शब्द हिब्रू भाषाको क्रियापद 'आभाड avad' हो। यसको अर्थ हेरचाह गर्नु हो जसमा काम समावेश भएको छ। मानिसले उपहारमात्र पाएर हुँदैन। यसलाई सञ्चिता गर्नुपर्छ। यसको उपयोग गर्नुपर्दछ अर्थात् यसलाई केवल थन्क्याएर राख्नेमात्र होइन। हामीले पाएका कतिपय उपहारहरूलाई प्रयोग गरेर तिनीहरूलाई फलदायी बनाउनुपर्दछ। एक जना मालिक आफू परदेश जानुभन्दा पहिले उनको नोकरहरूलाई सुनका सिक्काहरू तिनीहरूको क्षमता अनुसार उपयोग गर्न दिएका थिए भनेर येशूले आफ्नो अर्तिकथामा भन्नुभएको थियो (मत्ती २५:१४-३०) तिनीहरूलाई राख्न दिएका सिक्काहरू

अर्थात् हिब्रू भाषामा शामार shamar को अर्थ जोगाएर राख्न जिम्मा दिएको थियो। ती सिक्काहरू प्रयोग गरेर सुरक्षित राख्ने काम ती कामदारहरूको थियो।

मानिसलाई जिम्मा दिएको दोस्रो कर्तव्य उसको खानेकुरासँग सरोकार छ। हामीलाई जे खानेकुरो दिइएको छ त्यो परमेश्वरले नै दिनुभएको हो भनेर हामीले सम्झिनुपर्दछ। उहाँले भन्नुभएको थियो, "तब परमेश्वरले भन्नुभयो, “हेर, म तिमीहरूलाई पृथ्वीका सबै बीउ उमार्ने बोटहरू र फलमा नै बीउ हुने सबै फलका रूखहरू दिन्छु। ती तिमीहरूलाई आहाराको निम्ति हुनेछन्" उत्पत्ति १:२९। उहाँले यो पनि आदमलाई भन्नुभयो, “बगैंचाका सबै रूखका फल तिमीले सङ्कोच नमानी खाए हुन्छ" उत्पत्ति २:१६। मानिसले रूखहरूलाई सृष्टि गरेको थिएन, न त त्यसबाट पाइने फल वा खानेकुराहरू। ती रूखहरू परमेश्वरको उपहार थियो, र यो पनि उहाँको अनुग्रहको उपहार थियो।

तर, ती फलहरूलाई के गर्ने भन्ने परमेश्वरको आदेश पनि थियो। परमेश्वरले उदार भएर दिनुभएको उपहारलाई हृदयदेखि खुशी भएर लिनुपर्दथ्यो र त्यसको रमाइलोसँग उपभोग गर्नुपर्दथ्यो। सबै रूखको फल नहिच्किच्याइ खानु भनेर आदमलाई अऱ्हाउनुभएको थियो। तर, उहाँको अनुग्रह अनुसार मानिसको विवेकको स्वतन्त्रतालाई सम्मान गर्न एउटा बन्देज लगाउनुभएको थियो। एउटा तोकिएको रूखको फलचाहिँ नखानु भनेर परमेश्वरले भन्नुभएको थियो। जीवनमा यदि कुनै सिमा भएन, नीतिनियम वा बन्देज भएन भने केवल जे मनलाग्यो त्यही गर्ने, जहाँ मन लाग्यो त्यहीँ जाने, जे मनलाग्यो त्यही खानेले गर्दा मानिसलाई मृत्युमा पुऱ्याउँदछ। जीवनलाई अर्थमूलक बनाउन तोकिएको सीमा, आचार सहिँता, मर्यादा अदनको बगैंचामा पनि थियो, र वर्तमान परिप्रेक्ष्यमा त्यो नीति अहिले पनि साबिकै छ।

पुरुषको तेस्रो कर्तव्य वा जिम्मेवारी परमेश्वरले दिनुभएकोचाहिँ स्त्रीप्रतिको उसको मनस्थिति कस्तो हुनुपर्छ सोलाई ख्याल गर्नु हो। परमेश्वरले पुरुषको सामु स्त्रीलाई उपहारस्वरूप खडा गर्नुभयो र स्त्रीप्रति उसको जिम्मेवारीलाई उत्पत्ति २:२४मा यसरी कोरिदिएको छः "यसैकारण मानिसले आफ्ना आमा-बाबुलाई छोड्छ र आफ्नी पत्नीसँग मिलिरहन्छ, र तिनीहरू एउटै शरीर हुन्छन्।" यो भनाइ दाम्पत्य जीवनमा अत्यन्तै प्रभावकारी छ। पुरुष र स्त्री एकै शरीर अर्थात् एउटै व्यक्ति (मत्ती १९:७-९) भनेर श्रीमान र

श्रीमतीको बीचमा हुनुपर्ने सम्बन्धको करार र दाम्पत्य जीवनको लक्ष्यलाई त्यस कथनले उल्लेखनीयरूपमा स्पष्टरूपमा कोरिदिएको छ।

यस भनाइलाई अझ केलाएर हेर्दा हामी के देख्छौं भने विवाहित पुरुषको कर्तव्य वा जिम्मेवारीलाई तेर्स्याइदिएको छः त्यो हो स्त्री होइन पुरुषले आफ्नी श्रीमतीको खातिर आमाबाबुलाई छोड्नुपर्दछ। पुरुषै भनेर बाइबलले किटानी गरिदिएको छ। तर यथार्थमा, त्यो आज्ञा वा जिम्मेवारी केवल पुरुषलाईमात्र नभएर स्त्री वा श्रीमतीलाई पनि लागु हुन्छ किनकि पुरुषसँग एक भएपछि उनको सर्वेसर्वा वा शारीरिक एकता पुरुष वा श्रीमानसँग हुन्छ, र उनले पनि आफ्ना बाबुआमालाई त्यागिदिनुपर्दछ। विवाह परमेश्वरको उपहार हो। यसलाई मानवप्राणीले पाएपछि दाम्पत्य जीवन वा वैवाहिक दुवै पुरुष र स्त्री बन्धनमा पर्दछ। तिनीहरूले पारस्परिक जिम्मेवारीलाई आत्मसात् गर्नुपर्छ। दुवै एक भएर आफ्नो जीवनको लक्ष्यलाई विश्वाससाथ पूरा गर्नु तिनीहरूको कर्तव्य र जिम्मेवारी हो।

**परमेश्वरले तपाईंलाई के के थोकहरू दिनुभयो, त्यसको बारेमा सोच्नुहोस्। तपाईंले पाउनुभएको उपहारहरूलाई सञ्चय गर्न, सुरक्षित राख्न, देखभाल गर्न तपाईंको काम र कर्तव्यहरू के के हुन्?**

## उपसंहारः

**थप जानकारीः एलेन जी ह्वाइटद्वारा लिखित *एजुकेशन*को पृ. १२८,१२९को "साइन्स एण्ड द बाइबल" र *द स्टोरी अभ रिडेम्पशनको* पृ. २१,२२को "द क्रियशन।"**

"दुवै प्रकृति र परमेश्वरबाट प्रकट भएको वचनले त्यही सृष्टिकर्ता मालिकको दिमागको छाप बोकेका छन्। विभिन्न तरिका, उपायहरू र भाषा तथा शिक्षाहरूले एउटै महान् सत्यको गवाही दिन्छ। विज्ञानले प्रत्येक क्षण नयाँ नयाँ अचम्मका कुराहरू पत्ता लगाइरहेको छ; तर तिनीहरूको खोज अनसुन्धान, यदि ठिक वा उचितरूपमा बुझियो भने, परमेश्वरको वचन वा उहाँले गर्नुभएको प्रकटसँग बाझिन्दैन। प्रकृतिको पुस्तक र परमेश्वरको लिखत वचनले एक आपसमा भएको ज्योति वा ज्ञानलाई उघार्दछ। ती दुवैले परमेश्वरको सक्रिय व्यवस्थित व्यवस्था वा नीतिहरूलाई हामीलाई सिकाउँदै उहाँलाई चिनाइ दिन्छ।

"प्रकृतिको बारेमा अध्ययन गरेर गलत धारणाहरू ल्याउँदा विज्ञान र परमेश्वरको वचन एक आपस बाझिएको देखाउँदछ। दुवै विज्ञान र परमेश्वरको वचनलाई विभिन्न तरिकाहरूले व्याख्या गरेर एकै मिलनबिन्दुमा ल्याउन मानिसहरू कोशिश गर्दछन्। तर, त्यस व्याख्या गर्ने प्रयासमा परमेश्वरको वचनको शक्तिलाई वेवास्ता अनि नाश गर्न खोजिएको पनि पाइन्छ। भूगर्भशास्त्र वा भूविज्ञान सिकाउनु क्रममा सृष्टिको बारेमा मोशाले लेखिएको बृतान्तको अक्षरस व्याख्यालाई बाझिएको देखाउँछ। रूपहिन पदार्थ वा भद्रगोल तत्वबाट वर्तमान पृथ्वी बिकसित हुन लाखौं वा खरबौं वर्ष लाग्यो भनेर कठित विज्ञान विकाशवाद सिद्धान्तले सिकाउँदछ। यस मामिलामा कठित विज्ञानसँग मिलाउन बाइबलमा लेखिएको सृष्टिको अक्षरस दिनलाई हजारौं वा लाखौं दिनहरू भनेर सिकाइन्छ।

"यस्तो शिक्षा वा निश्कर्ष पूरै अमान्य छ। बाइबलमा जे लेखिएको त्योसँग र प्रकृतिको शिक्षासँग तालमेल छ।"-एलेन जी ह्वाइट, *एजुकेशन,* १२८,१२९बाट रूपान्तरित।

**चिन्तनमनन:**

**अ. संसारमा विभिन्न सभ्यता वा धर्महरूमा अनेकौं सृष्टिका कथाहरू छन्। तिनीहरूलाई मिथ वा पुराणहरू भनेर कहलाइन्छ। तिनीहरू सबैले मानिसलाई आध्यात्मिक ज्ञान सिकाउन लेखिएको भनेर दावी गरिन्छ तर तिनीहरूको ऐतिहासिक प्रमाण वा वास्तविकता छैन। यदि तिनीहरूलाई हामीले विश्वास गऱ्यौं भने हाम्रो आस्थाको गुण वा विशेषतालाई कसरी असर पार्न सक्दछ? बाइबलमा के के दसी प्रमाणहरू छन् जसले गर्दा आफूले लेखेको सृष्टिको बृतान्त ऐतिहासिक छ र केवल सृष्टिको सुरुमात्र होइन पूरै उत्पत्तिको पुस्तक पनि ऐतिहासिक छ भनेर उत्पत्तिको लेखकले ठोकुवा गर्न सक्छन्? सृष्टिको साथै पूरै उत्पत्तीमा लेखिएका वृतान्तहरू मनगढन्ते, काल्पनिक, दन्त्यकथा, मिथ वा पुराण होइन तर ऐतिहासिक तथ्य हुन् भनेर येशूकै गवाहीले कसरी स्पष्ट पार्दछ?**

**आ. यस पृथ्वीलाई हामीले कसरी हिफाजत वा सञ्चिता गर्नुपर्छ भनेर उत्पत्तिको कथाले हामीलाई कसरी सिकाउँदछ? यस पृथ्वी ग्रहको असल भन्डारे, स्टोरकिपर वा सञ्चयकर्ता हामी हौं भनेर गौरब गर्ने**

क्रममा सृष्टिका थोकहरूलाई पूजा गर्ने हाम्रो मनस्थितिबाट हामी कसरी उम्किने, जुन सृष्टिकर्ता परमेश्वरको खिलाफमा छ? कतिपय मानिसहरूमा सृष्टिको तारिफ गर्ने क्रममा सृष्टिका थोकहरू नै भगवान हुन् भनेर पूजा गर्ने प्रवृत्ति पाइएको छ। यस मामिलामा पावलले यसरी व्यक्त गर्दछन्, "तिनीहरूले परमेश्वरको सत्यतालाई झूटसँग साटेर सदासर्वदाका परमधन्य सृष्टिकर्तालाई त्यागेर बरु सृष्टि गरिएका थोकहरूको पूजा र सेवा गरे" (रोमी १:२५)। सृष्टि वा प्रकृतिक पूजकबाट टाढा भएर बस्नु जरुरी छ किनभने यसले हामीलाई सृष्टिकर्ताबाट लुकाएर राख्दछ।

इ. पाप, प्रकृतिलाई अनेकौं किसिमले विनाश गर्ने मानव स्वभाव वा विज्ञानको नाउँमा बायुप्रदुषण जस्ता हजारौं वर्षको विग्रहको परिस्थितिको बावजुद पनि सुरुमा भएका पृथ्वी वा प्रकृति वा प्राकृतिक सौन्दर्यता र अचम्महरू के के अझै पनि छन् जसलाई परमेश्वरले "धेरै असल" भनेर उच्चारण गर्नुभएको थियो साथै तिनीहरूले परमेश्वरको शक्ति र भलोको बारेमा प्रभावकारी रूपहरूमा हामीलाई बताइरहेका छन्?

## कथा १
## मिसिनेरी प्रोफेसरले मेरो जीवनै परिवर्तन गरिदियो
### युजिन फ्रान्सक, जिम्बाबे



जुन समाजबाट म आएको थिएँ त्यो समाजबाट सोलुसी कलेजमा भर्ना हुँदा मेरो संस्कारमै ठूलो धक्का भएको थियो। १९७०को अन्तिम दशकमा त्यस कलेजमा भर्ना हुने म पहिलो काला जाति विद्यार्थी थिएँ। मसँग अफ्रिकाका मानिसहरूले मनपराउने धेरै रक र रोल सङ्गितहरू मेर टेप रेकर्थमा थिए। मेरो दिमाग नै शरीरलाई हल्लाउने सङ्गितहरूले भरिएको थियो। त्यस कलेजको वातावरण भिन्नै भएकोले मलाई केही हदमा असजिलो लागिरहेको थियो।

तर सेभेन्थ-डे एडभेन्टिस्ट चर्चले ममा केही विशेष खुबी देखेकोले सोलुसी कलजेमा अध्ययन गर्न छात्रवृत्ति प्रदान गरेको थियो। यो कलजे अफ्रिकाको जिम्बाबे राज्यको भित्री भुभागको जङ्गलमा थियो। त्यस कलेजमा एक वर्ष अध्ययन गरेपछि दक्षिण अफ्रिकाको हेल्डरबर्ग कलेजमा जाने योजना थियो। तर एक वर्पपछि त्यही कलजेमा अध्ययन गर्न मैले निर्णय गरें।

त्यस कलेजमा मैले धर्मविज्ञान अर्थात् ईश्वरीय शास्त्र विषय लिएर अध्ययन गरेको थिएँ। धर्मविज्ञानको कक्षामा म अरू जस्तै साधारण विद्यार्थी थिएँ। ग्रीक भाषा मेरो लागि धेरै गाऱ्हो थियो। मेरो सबभन्दा ठूलो ग्रेड भनेकै "सी" थियो। अझ धेरै सेमिस्टरहरूमा मैले "सी माइनस पाएँ, अझ "डी" पनि पाएँ। धर्मविज्ञानको विषयहरू मैले राम्रोसँग बुझ्न नै सकेको थिइँन। अध्ययनको अन्तिम सेमिस्टरसम्म ग्रीक भाषाको अध्यापन लियो रौनियोसँग कचकच गरिनै रहें। उनी दयालु मिसनेरी थिए तर जाँचमा कडा थिए।

जब म १९७८मा सोलुसी कलेजमा आएको थिएँ, प्रोफेसर रौनियोसँग मेरो मित्रता गाँसिएको थियो। उनले मलाई चेस कसरी खेल्ने भनेर सिकाए र उनको घरमा हामी घन्टौं घन्टासम्म चेस खेल्थ्यौं। उनी युरोपको फिनल्याण्डमा जन्मेका थिए। उनी अमेरिकाको आदिवासी अमेरिकनहरूको बीचमा सुसमाचार प्रचारकको रूपमा सेवाकार्य गरेका थिए। त्यसपछि दक्षिण

अफ्रिकाकाका विश्वविद्यालयका विद्यार्थीहरूलाई सिकाएका थिए। पछि उनी सोलुसी कलेजमा अवकास पाउने समयमा अध्यापकको काम गरेका थिए। उहाँको धेरै मिसिनेरी अनुभवहरू मलाई उनले मलाई सुनाएका थिए। उनको व्यवसाय सोलुसी कलेजमा समापन गर्ने भनेर थाहा पाउँदा म उनीदेखि प्रभावित भएको थिएँ। जब मैले ग्रीक भाषाको परिक्षा दिएँ तब मलाई थाहो थियो कि म त्यसमा फेल हुन्छु। मैले श्री रौनियोलाई परिक्षापत्र दिएर भनैं, "सर, म त फेरी फेल भएँ।" हाँस्दै उनले भने, "ठिकै छ।"

हप्ताभरि म तनावमा थिएँ। ग्रीकमा पास नभइकन म ग्राडुएट हुँदिन भन्ने कुरो मलाई थाहा थियो। मैले फेरि त्यही भाषा छ महिनासम्म पढ्नुपर्ने भएकोले म निराश थिएँ। ग्राडुयट पछि अरूहरू गर्ने सुरसारमा विवाह पनि गर्ने मैले योजना बनाएको थिएँ। तर अर्को छ महिनासम्म फेरि ग्रीक पढ्ने कुरालाई मैले सोच्नै सकिनँ।

परिक्षाको एक हप्तापछि प्रोफेसर रोनियोले मलाई उनको अफिसमा बोलाए। उहाँले मलाई यो सुनाउनुभयो, "तिमी कलेजमा आउँदा भिन्नै थियो तर तिमी धेरै परिश्रम गर्ने विद्यार्थीभएर परिवर्तन भएको मैले तिमीलाई हेरिरहेको छु, त्यसमा पनि तिमीले प्रभु येशूलाई धेरै माया गर्छौ। तिम्रो टेपरेकर्डमा भएको रक र रोल सङ्गितबाट क्रिसमास सङ्गित बजेको पनि मैले सुनैं। तिम्रो जीवनमा परिवर्तन भएको मैले देखेको छु। जब तिमी येशूतिर खिंचियौ तब तिम्रो सबै आनिबानी फेरेको मैले हेरिरहेनको छ।

उनको कुरा सुनेर मलाई अचम्म लाग्यो। मेरो जीवनमा परिवर्तन आएको छ भनेर कसैले पनि थाहा पाएको थि।यो भने जस्तो मलाई लागेको थिएन।

"तिमीले अरू जाँचहरूमा राम्रै गऱ्यौ र पास पनि भयौ," प्रोफेसरले मलाई सुनाए। तिमी ग्राडुएट हुन कतिको आत्तुरी छौ त्यो मलाई थाहा छ। मलाई थाहा छ कि ग्रीक भाषामा तिमीले धेरै मेहनत गऱ्यौ तैपनि तिमी फेल भयो। तैपनि तिमीप्रति म सदाशयता देखाउन चाहन्छु। तिमीलाई अनुग्रह देखाउन चाहन्छु। तिमीले जे काम गर्नेछौ प्रभुको योजना मुताविक हुनेछ भनेर मलाई थाहा छ। परमेश्वरकै अनुग्रहले म तिमीलाई पास गराइ दिन्छु ताकि तिमी ग्राडुयट हुनसकोस्।" अनि मेरो भविष्यमा परमेश्वरको हात होस् भनेर मेरो निम्ति उनले प्रार्थना गरे।

जब म मेरो छात्रवासको कोठामा आएँ, म घुँडा टेकेर प्रार्थना गरें र परमेश्वरलाई धन्यवाद दिएँ। मेरी केटी साथीलाई मैले भेटेर भनें, प्रभुको अनुग्रहले म ग्राडुयट हुँदैछु!"

प्रोफेसर रौनियोसँग म धेरै आभारित छु। उहाँले बर्तमान समयभन्दा भन्दा मेरो भविष्यलाई अपार हेर्नुभएको थियो। उहाँले ममा भएको खुबीलाई चिन्नुभएको थियो।

म जिम्बाबे एडभेन्टिस्ट चर्चको युवा सुसमाचार प्रचारक विभागको १८ वर्षसम्म निर्देशक भएँ। त्यसपछि म साउथरन अफ्रिका-इन्डिएन ओसन डिभिजनको युवा निर्देशक भएर काम गरें र अरू नेतृत्वहरू पनि समालें। म नेतृत्वमा बिशारद अर्थात् पीएचडी पनि गरें।

अनुग्रह भनेको के हो सो बुझाउनु भएकोमा म परमेश्वरलाई धन्यवाद दिन चाहन्छु। योग्य नभएतापनि आवश्यक भएकोलाई अनुग्रह कसरी देखाउने भन्ने नीति मैले सिँके। प्रोफेसर रौनयोको उदारहणले योग्य नभएतापनि अरूहरूलाई पनि अनुग्रह मैले देखाउन पाइरहेको छु।

हामी पापमा जतिसुकै पतित भएतापनि, हाम्रो खुबी परमेश्वरले देख्नुहुन्छ।हाम्रो बर्तमान परिस्थितिले गर्दा परमेश्वरले हामीलाई त्याग्नु हुन्न। हामीले के गर्न सक्छौं उहाँलाई थाहा छ। परमेश्वरको सहायताले अहिलेको अवस्थाभन्दा माथि उक्लेर हामी हेर्नु पर्दछ साथै अरूहरूमा पनि भएको खुबीहरू हामीले हेर्न सक्नुपर्दछ।